# उत्तरगया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

**तह वृद्धि सम्बन्धी सूचना ।**

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०३/०८)**

यस उत्तरगया गाउँपालिकामा कार्यरत कर्मचारीहरुको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०७९को दफा ९ र दफा ३० बमोजिम तह वृद्धि गर्नुपर्ने भएको हुँदा ऐ.ऐ. ऐनको दफा ९ र दफा ३० बमोजिमको योग्यता पुगेका कर्मचारीहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपसिल बमोजिमको कागजात सहित निवेदन भरी प्रशासन शाखामा दर्ता गर्नुहुन अनुरोध छ । तोकिएको समयसीमा भित्र आवेदन दर्ता नभएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

<u>संलग्न गर्नुपर्ने कागजातहरुः</u>

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
२. सेवा अवधि पुष्टि हुने नियुक्ति/बढुवा नियुक्ति/स्तरवृद्धि पत्र/ रमाना पत्र/ PIS विवरण को प्रमाणित प्रतिलिपि,
३. समायोजन भएका कर्मचारीको हकमा समायोजन पत्रको प्रमाणित प्रतिलिपि,
४. कामकाज सरुवामा रहेका कर्मचारीको हकमा नियुक्ति पत्र तथा कामकाज सरुवाको पत्र,
५. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
६. पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्यांकन फाराम।

२०८३/०३/०८

..........................................

होमनाथ दाहाल

प्रमुख प्रशासकीय अधिकृत

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

आ.व. २०८२/०८३
सू.नं

मितिः२०८३/०३/०८ गते

अत्यावश्यक बाहेक अन्य सेवा प्रवाह बन्द हुने सम्बन्धी सूचना !

यस उत्तरगया गाउँपालिकाको **२०औं गाउँसभा** मिति **२०८३ साल असार १० गते** सञ्चालन हुने कार्यक्रम तय भएको हुँदा गाउँसभाको तयारी, वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा, आवश्यक कागजात तथा प्रतिवेदन तयारी, शाखागत समन्वय, व्यवस्थापकीय तथा प्रशासनिक कार्य सम्पन्न गर्नुपर्ने भएकाले गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा मिति **२०८३/०३/०८ गतेदेखि २०८३/०३/१० गतेसम्म** बन्द रहने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

अत्यावश्यक प्रकृतिका सेवा बाहेक अन्य नियमित सेवाहरू उक्त अवधिमा सञ्चालन नहुने तथा मिति **२०८३/०३/११ गतेदेखि** कार्यालयको नियमित सेवा पुनः सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

सेवा प्रवाह बन्द हुँदा सेवाग्राहीहरूमा पर्न जाने असुविधा प्रति गाउँपालिका क्षमाप्रार्थी छ।

२०८३/०३/०

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

Website: www.uttargayamun.gov.np
Email: uttargayarm1@gmail.com
फोन नं. +९७७-१०५९२७७७

*"समृद्ध उत्तरगया, सभ्य र खुशी उत्तरगयाबासी"*